# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

### वित्तीय जानकारी इकाई, नेपाल र
### China Anti Money Laundering Monitoring and Analysis Centre
### बीच समभ्कदारी पत्रमा हस्ताक्षर ।



गभर्नर डा. युवराज खतिवडाको चीन भ्रमणको अवसरमा भएको सो कार्यक्रममा नेपाल र चीनका वित्तीय जानकारी इकाइहरुबीच सम्पत्ति शुद्धीकरण र आतंककारी कार्यमा वित्तीय लगानी निवारण लगायत अपराधसँग सम्बन्धित वित्तीय सूचना (Intelligence) आदान प्रदान गर्ने सम्बन्धमा नेपालको FIU का तर्फबाट नेपाल राष्ट्र बैंकका निर्देशक मुकुन्द महत र चीनका Anti Money Laundaring Monitoring and Analysis Centre का प्रमुख श्री लु याङले समभ्कदारी पत्रमा हस्ताक्षर गर्नुभयो । गभर्नर डा. युवराज खतिवडा र पिपुल्स बैंक अफ चाइनाका गभर्नर Dr. Zhou Xiaochuan को उपस्थितिमा आपसी समभ्कदारी पत्रमा हस्ताक्षर भएको थियो ।

सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ बमोजिम भएको उक्त समभ्कदारीपत्रले दुई देशबीच हुने वित्तीय अपराध नियन्त्रणमा सूचना आदान प्रदान लगायत सम्पत्ति शुद्धीकरण निवारणको क्षेत्रमा क्षेत्रीय अभियानमा थप सहजता पुगी अपराध नियन्त्रण र वित्तीय क्षेत्र सबलीकरणमा थप सहयोग पुग्ने आशा गरिएको छ । नेपालले यस अघि नै भारत लगायत अन्य देशका दश इकाइसँग यस्तो समभ्कदारी पत्रमा हस्ताक्षर गरिसकेको छ ।

२०७१ पुस ११ गते शुक्रबार

गभर्नरको कार्यालय